नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(योजना शाखा)
सिंहदरबार, काठमाण्डौ

फोन { ४२००३०९
४२००२८१

पत्र संख्याः- ०७४/७५

चलानी नं.:- ४०

मिति २०७४।०४।२३

**श्री जिल्ला प्राविधिक कार्यालय,**
**काठमाण्डौं ।**

**बिषयः ज्याला तथा निर्माण सामाग्रीहरुको दररेट सम्बन्धमा ।**

तहाँको च.नं. २६, मिति २०७४।४।१८ को जिल्ला दररेट सम्बन्धी विषयक पत्रका सम्बन्धमा लेखिदैछ । प्रत्येक आ.व.को श्रावण महिना भित्र विभिन्न निर्माण समाग्री तथा ज्यालाको दररेट निर्धारण गर्ने बिषय स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ मा सम्वन्धित गाउँपालिका तथा नगरपालिकाको अध्यक्ष वा प्रमुखको काम, कर्तव्य भित्र रहेको छ । सार्वजनिक खरिद नियमावलीको नियम १४८ अनुसार प्रत्येक जिल्लाले आर्थिक वर्षका लागि जिल्ला दररेट तय गर्नु पर्ने व्यवस्था पनि छ । अतः त्यस जिल्लाको लागि चालु आ.व २०७४।०७५ को जिल्ला दररेट तोकिएको समयभित्रै तयार गर्नु हुन जानकारीका साथ अनुरोध छ । साथै हाल सबै स्थानीय तहमा कर्मचारी व्यवस्थापन भइनसकेको अवस्थामा आ.व.२०७४/७५ को लागि जिल्लाले निर्धारण गरेको दररेटलाई नमूनाको रुपमा स्थानीय तहलाई उपलब्ध गराउने र सम्बन्धित स्थानीय तहले उक्त दररेट आ-आफ्नो आवश्यकता अनुसार परिमार्जन गरी लागु गर्न सक्ने व्यहोरा समेत मिति २०७४।०४।१७ को नेपाल सरकार (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

४/२३

(खेमराज जोशी)
शाखा अधिकृत

**बोधार्थः**

**श्री जिल्ला प्राविधिक कार्यालय सबैः** उल्लिखित निर्णयानुसार व्यवस्थापन गर्नुहुन अनुरोध छ ।
**श्री स्थानीय तह सबै** । जानकारीका लागि अनुरोध छ ।
**सूचना तथा विद्युतीय शासन शाखा,**
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार । -संलग्न पत्र मन्त्रालयको Website मा Upload गरी दिनुहुन ।